# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउन परेमा हामीलाई सम्झनुहोस्।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सूर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक २६० | बुटवल | २०८१ भदौ ३०, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Sept.15, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## ‘२०८१ भित्र सडक बालबालिकामुक्त बनाइन्छ’



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले विसं २०८१ भित्र नेपाललाई सडक बालबालिकामुक्त राष्ट्र बनाउने बताएका छन् ।

नेपाल बाल सङ्गठनद्वारा ६०औँ राष्ट्रिय बाल दिवसका अवसरमा प्रधानमन्त्री निवास, बालुवाटारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले अहिले पनि ठूलो संख्यामा बालबालिकाहरु बेसहारा र अभिभावकविहीन हुनुका साथै शिक्षा र स्वास्थ्यका अवसरबाट वञ्चित भएको अवस्थामा यस्तो स्थितिलाई बदल्न सरकारले सङ्कल्प गरेको स्पष्ट गरे ।

प्रधानमन्त्री ओलीले दिवसका अवसरमा तय गरिएको ‘बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी’ नारालाई सार्थक बनाउनुपर्नेमा जोड दिँदै बालबालिकाहरुले हप्की, दप्की, नियन्त्रण र बन्धनमा होइन उन्मुक्तिमा बाँच्न पाउनुपर्ने पनि बताए ।

प्रधानमन्त्री ओलीले संयुक्त राष्ट्रसङ्घले गरेका बालअधिकारसम्बन्धी सम्झौता र नेपालको संविधानको मौलिक हकको कार्यान्वयन गर्दै बेसहारा बालबालिकालाई अभिभावकत्व दिएर हेरचाह गर्नपर्ने बताए ।

# बौद्ध पर्यटक आकर्षित गर्ने अभियान

**लुम्बिनीमा पर्यटकको बसाई लम्ब्याउन प्रवर्द्धनका विभिन्न कार्यक्रम गरेर ब्राण्डिङ गर्न लागेका पर्यटन व्यवसायी विक्रम पाँडेकाजीले यहाँको पर्यटन क्षेत्रमा आशा जगाउने काम गरेका छन् ।**

**शेरबहादुर केसी**

*बुटवल*

प्राचीन कपिलवस्तु गणराज्यको राजधानी तिलौराकोट दरबारबाट रानी मायादेवी माइती देवदह जाँदै थिइन्, उनलाई बाटैमा सुत्केरी बेथा लाग्यो । उनले लुम्बिनीमा शिशुलाई जन्म दिइन् । माइती हिंडेकी मायादेवी बाटैमा सुत्केरी भएपछि उनलाई तिलौराकोट दरबार फर्काइयो । शिशुलाई काखमा राखेर मायादेवी दरबार भित्रिदा दरबारमा भव्य स्वागत भयो । दरबारमा आमासहित भव्य स्वागत पाउने शिशु थिए, सिद्धार्थ गौतम । तिनै सिद्धार्थ ज्ञानको खोजी गर्न २९ वर्षको उमेरमा दरबारको सुखसयल त्यागे । लामो ध्यान साधनाबाट उनले बुद्धत्व प्राप्त गरे । आज संसारभर बुद्धका लाखौं अनुयायी छन् । जो जीवनमा लुम्बिनी आउन चाहन्छन् ।

लुम्बिनीमा आउन चाहेका बौद्धमार्गीलाई आकर्षित गर्न पर्यटन व्यवसायी विक्रम पाँडेकाजीले माता मायादेवी सुत्केरी मार्गको अवधारणा अघि सारेका छन् । बौद्ध पर्यटकलाई आकर्षित गरी बसाइँ लम्ब्याउन यो अवधारणा अघि सारेको पाँडेकाजीको भनाइ छ ।

‘मायादेवी सुत्केरी भइ शिशुलाई लिएर राजमहल फर्केको बाटो हेर्न र माटो छुन बौद्ध धर्मावलम्बी र शान्तिप्रिय जो कोही भाग्यमानी सम्झिने भएकाले यो अवधारण अघि सारिएको हो ।-उनी भन्छन् । मायादेवी सुत्केरी भएपछि आफ्नै दरबार फर्केको बाटो लुम्बिनी–तिलौराकोट ३७ किमी छ । लुम्बिनी–तिलौराकोट दरबारसम्मको माता मायादेवी सुत्केरी मार्गमा शान्ति पैदलयात्रा धम्म यात्रा गर्न सकिने उनको भनाइ छ । यो मार्गमा यात्रा गर्ने पर्यटक तीन रात बस्न सक्छन् । ‘एकदिनमा १०/१२ किमि हिंड्ने हो । त्यसपछि विश्राम गर्दै हिंड्दै अघि बढ्ने हो ।-सुत्केरी मार्गबारे पाँडेकाजी सुनाउँछन् ।

अहिले यिनै पाँडेकाजीले अघि सारेको अवधारणा कार्यान्वयनको चरणमा प्रवेश गर्ने विन्दुमा पुगेको छ । यो अवधारणा अनुसार काम गर्न सक्दा लुम्बिनीमा पर्यटक आकर्षित गर्न र बसाई लम्ब्याउन सकिन्छ भन्ने बारेमा सरकारी निकाय र दातृ निकाय सकारात्मक देखिएका छन् । भारतमा बौद्ध पर्यटन प्रवर्द्धनका लागि विश्व बैंकले लगानी गरिरहेको छ । मायादेवी सुत्केरी मार्गको अवधारणालाई कार्यान्वयन गर्न विश्व बैंक सकारात्मक भएको छ । यो मार्गको पूर्वाधार निर्माणमा विश्व बैंकको रुची छ । पर्यटन व्यवसायी पाँडेकाजी पर्यटन प्रवर्द्धनका लागि नयाँ र श्रृजनशिल योजना र रणनीति तयार गर्न खप्पिस छन् । अहिले उनले बुद्ध र लुम्बिनीसँग सम्बन्धित आधा दर्जन प्रवर्द्धनका योजना अघि सारेका छन् । यिनै पाँडेकाजीलाई लुम्बिनी विकास कोषले सद्भावना दूत बनाएको छ ।



**लुम्बिनीका सद्भावना दूत विक्रम पाँडेकाजी बायाँ र । लुम्बिनीबाट शान्ति दीप बालेर सगरमाथा लैजाँदै म्याराथुन धावक बैकुण्ठ मानन्धर दायाँ ।** *तस्विरः लुम्बिनी*

पाँडेकाजीले पुरातत्वविद् बसन्त विडारीलाई सोधे,–राजा शुद्धोधन जन्ती लिएर गएको वा मायादेवी सुत्केरी भएर तिलौराकोट दरबार फर्केको बाटो कुन होला ? विभिन्न सन्दर्भ सामग्री अध्ययन पछि पुरातत्वविद् विडारीले त्यो बाटोको खाका तयार गरे । विडारीले तयार गरेको खाकालाई पाँडेकाजीले नाम राखिदिए,–माता मायादेवी सुत्केरी मार्ग । अहिले उनले सरकारी अधिकारी र राजनैतिक दलका शीर्ष नेतालाई माता मायादेवी सुत्केरी मार्गको महत्वबारेमा बुझाइरहेका छन् ।

बुद्ध जन्मस्थल लुम्बिनी आउने पर्यटकको संख्या अपेक्षित बढ्न नसक्दा मुलुकले लाभ पाउन सकेको छैन । जति आउँछन्, उनीहरुको बसाइ लम्बिन सकेको छैन । भारतका बौद्धस्थल हुँदै आउने पर्यटक लुम्बिनी घुमेर बास बस्न उतै जाने गरेका छन् । पर्यटकको बसाई लम्ब्याउन हामीले कार्यक्रम अघि नसार्दा समस्या भएको उनको ठम्याइ छ । पाँचौ शताब्दीमा चिनियाँ बौद्ध यात्री ह्वेन साङ यहाँ आएका थिए । उनी बोधगयादेखि श्रावस्ती–पिप्रहवा हुँदै कपिलवस्तु आएका थिए । यही मार्गलाई उनले ह्वेयन साङ मार्ग भनेका छन् । ह्वेयन साङ मार्गको बारेमा भारतीय अध्येता दिपक आनन्दले अध्ययन गरेका छन् । सम्राट अशोक कपिलवस्तु र लुम्बिनी आएको बाटो पनि यही हो । पाँडेकाजी भन्छन्,–लुम्बिनीमा बौद्ध पर्यटक बढाउन ह्वेन साङ मार्गको प्रचार गर्न आवश्यक छ । यो मार्गले नेपाल–भारत दुवै देशलाई फाइदा गर्छ ।

**पूर्णिमा विशेष अवधारणा**

लुम्बिनीमा बुद्ध जन्मेको दिन बैशाख पूर्णिमामा बुद्ध जयन्ती मनाइन्छ । बैशाख पूर्णिमामा लुम्बिनीमा भव्य कार्यक्रम हुन्छ । तर बुद्धसँग सम्बन्धित अरु पूर्णिमामा अहिलेसम्म ओझेल परेकोमा उनले जागृत गर्दैछन् ।

बुद्ध कन्थक घोडामा चढेर असार पूर्णिमाको मध्यरात तिलौराकोट दरबारबाट ज्ञानको खोजीमा निस्केका थिए ।


» *बाँकी ३ पेजमा*


# इन्जिनियरको चुनावमा सिडेनका महेश्वरको प्यानलै विजयी





| क.सं. | उम्मेदवारको नाम थर | बाकस १ | बाकस २ | बाकस ३ | दाङ | नेपालगन्ज | जम्मा |
|---|---|---|---|---|---|---|---|
| पद : | केन्द्रिय सदस्य | | | | | | |
| १ | बलराम पौडेल | 90 | 120 | 85 | 73 | 145 | 513 |
| २ | आकाश शर्मा | 150 | 149 | 111 | 73 | 50 | 533 |
| ३ | अरुण खनाल | 44 | 85 | 58 | 22 | 24 | 233 |
| पद | सभापती | | | | | | |
| १ | जय लाल मरासिनी | 84 | 104 | 89 | 66 | 97 | 440 |
| २ | महेश्वर लम्साल | 210 | 275 | 174 | 108 | 117 | 884 |
| पद : | उप सभापति | | | | | | |
| १ | प्रभा पाण्डेय | 106 | 145 | 98 | 56 | 93 | 498 |
| २ | शिव प्रसाद तिवारी | 173 | 211 | 146 | 66 | 86 | 682 |
| ३ | रमेश शर्मा | 6 | 13 | 13 | 51 | 34 | 117 |
| पद : | सचिव | | | | | | |
| १ | शिशिर ज्ञवाली | 89 | 119 | 98 | 47 | 92 | 445 |
| २ | प्रवेश पौडेल | 196 | 246 | 161 | 82 | 93 | 778 |
| ३ | रमेश घिमिरे | 5 | 9 | 5 | 45 | 26 | 90 |
| पद : | सह सचिव | | | | | | |
| १ | प्रदिप घिमिरे | 107 | 168 | 123 | 50 | 86 | 534 |
| २ | सकल्प बुढाथोकी | 175 | 199 | 120 | 98 | 100 | 692 |
| ३ | हरि बहादुर कुवर | 4 | 5 | 10 | 26 | 26 | 71 |
| पद : | कोषाध्यक्ष | | | | | | |
| १ | राजु ढकाल | 83 | 109 | 85 | 44 | 89 | 410 |
| २ | प्रविन सापकोटा | 199 | 253 | 162 | 93 | 94 | 801 |
| ३ | विशाल श्रेष्ठ | 7 | 10 | 13 | 38 | 30 | 98 |
| पद : | सदस्य | | | | | | |
| १ | बिमल कडेल | 81 | 124 | 94 | 45 | 83 | 427 |
| २ | निशा बेल्वासे | 119 | 178 | 119 | 70 | 121 | 607 |
| ३ | सुवाश पुलामी | 63 | 74 | 61 | 60 | 78 | 336 |
| ४ | सुनिल के.सी. | 74 | 124 | 81 | 52 | 84 | 415 |
| ५ | तिलक बहादुर चलाउने | 57 | 63 | 54 | 44 | 111 | 329 |
| ६ | सुर्वण न्यौपाने | 83 | 125 | 88 | 49 | 85 | 430 |
| ७ | वल्लभ राज भण्डारी | 60 | 83 | 74 | 40 | 77 | 334 |
| ८ | बिपिन पौडेल | 86 | 106 | 90 | 53 | 91 | 426 |
| ९ | आकाश पराजुली | 66 | 83 | 76 | 43 | 66 | 334 |
| १० | बिबेक पन्थी | 85 | 124 | 88 | 41 | 65 | 403 |
| ११ | कृतेश कुमार श्रेष्ठ | 145 | 153 | 100 | 65 | 64 | 527 |
| १२ | दिपेश गौतम | 164 | 173 | 122 | 72 | 78 | 609 |
| १३ | कमल राज ढुङ्गाना | 158 | 167 | 117 | 71 | 62 | 575 |
| १४ | अब्जल मोहम्मद हलुवाई | 138 | 146 | 93 | 61 | 75 | 513 |
| १५ | जीवन पाण्डेय | 166 | 203 | 137 | 79 | 77 | 662 |
| १६ | अम्बिका ढुङ्गाना | 182 | 220 | 147 | 79 | 82 | 710 |
| १७ | दैवज्ञराज जोशी | 144 | 168 | 100 | 109 | 88 | 609 |
| १८ | रुपेश परियार | 148 | 159 | 106 | 81 | 133 | 627 |
| १९ | सुरक्षित ज्ञवाली | 162 | 213 | 128 | 74 | 74 | 651 |
| २० | सुचित बिष्ट | 160 | 173 | 114 | 134 | 92 | 673 |
| २१ | मुक्तिराम कुवर | 44 | 97 | 57 | 38 | 45 | 281 |
| २२ | गजेन्द्र बहादुर शाही | 15 | 25 | 26 | 33 | 76 | 175 |
| २३ | महेश कुमार शाही | 16 | 18 | 20 | 28 | 64 | 146 |
| २४ | देवेन्द्र शाही | 17 | 20 | 19 | 26 | 40 | 122 |

**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाल इञ्जिनियर्स एशोसिएसनको चुनावअन्तर्गत लुम्बिनी प्रदेश सभापतिमा महेश्वर लम्साल नेतृत्वको प्यानलै दोब्बर मतले विजयी भएको छ । शनिबार सम्पन्न मत गणनाअनुसार प्रदेश सभापतिमा लम्सालले ८८४ मतले विजयी हुँदा प्रतिस्पर्धी जयलाल मरासिनीले ४४० मत पाए । सबै पदाधिकारी र एक जना सदस्य बाहेक सबै पदमा लम्साल प्यानल फराकिलो मतान्तरले विजयी भएको छ । लम्साल कांग्रेस निकट सिडेनबाट उम्मेदवार थिए । लम्साल सडक डिभिजन कार्यालय बुटवलमा कार्यरत छन् । सेवा निवृत्त मरासिनी प्रोग्रेसिभ इञ्जिनियर्स एशोसिएशन नेपाल (पिन) बाट उम्मेदवार थिए ।

निर्वाचन समिति सदस्य ई. हेमराज शाहीका अनुसार पिनबाट मरासिनीको नेतृत्वमा प्रदेशबाट केन्द्रीय सदस्यमा बलराम पौडेल, उपसभापतिमा प्रभा पाण्डे, सचिवमा शिशिर ज्ञवाली क्षेत्री, सह-सचिवमा प्रदीप घिमिरे र कोषाध्यक्षमा राजु ढकालले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी सदस्यहरुमा विमल कँडेल, निशा बेल्बासे, सुवर्ण न्यौपाने, तिलक चलाउने, सुभाष पुलामी, सुनिल केसी, वल्लभ भण्डारी, विपिन पौडेल, आकाश पराजुली र विवेक पन्थीको उम्मेदवारी रहेका थिए ।

लम्सालको प्यानलबाट प्रदेशबाट केन्द्रीय सदस्यमा आकाश शर्मा, उपसभापतिमा शिवप्रसाद तिवारी, सचिवमा प्रवेश पौडेल, सहसचिवमा संकल्प बुढाथोकी, कोषाध्यक्षमा प्रविन सापकोटाको उम्मेदवारी परेको निर्वाचन समिति सदस्य ई. हेमराज शाहीले बताए । सदस्यहरुमा जीवन पाण्डेय, अम्बिका ढुंगाना, कमल राज ढुंगाना, सुचित विष्ट, देवज्ञराज जोशी, सुरक्षित ज्ञवाली, कृतेश श्रेष्ठ, दीपेश गौतम, रुपेश परियार, अफजल मुहम्मद हल्वाईको उम्मेदवारी परेको थियो ।




# सम्पादकीय

## कानुन निर्माणमा नागरिक सहभागिता अनिवार्य शर्त

शासन प्रणालीलाई प्रभावकारी सञ्चालनका लागि कानुन आवश्यक हुन्छ। कानुन कार्यान्वयनले नै समाजले सही दिशा लिन्छ। राज्य सञ्चालन प्रभावकारी हुन्छ। लोकतान्त्रिक समाजमा सरकार र नागरिकबिचको सम्बन्ध गाढा बनाउने काम नै कानुनले गर्छ। कानुनको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालासँग छलफल गर्ने र उनीहरुका सुझाव समेटेर अघि बढ्ने कामले कानुन कार्यान्वयन सहज हुन्छ। सरोकारवालासँग छलफल गर्दा राज्यका स्वार्थ एंव सरोकारबारे पनि नागरिकलाई जानकारी गराउन सहज हुन्छ। कानुन बनाउँदा सरोकारवालासँग छलफल नगर्दा कानुनप्रति अपनत्व हुन्न।

लुम्बिनी प्रदेशसभाको पहिलो कार्यकालमा ७२ कानुन बने। दोस्रो कार्यकालको दुई वर्षमा २ वटा गरी ७४ कानुन बने। यी कानुन बनाउँदा सरोकारवालासँग पर्याप्त छलफल भएन्। कानुन निर्माणका लागि कानुनको आवश्यक भए नभएको सम्बन्धित मन्त्रालयले पहिचान गर्छ। संभव भएसम्म प्रारम्भिक मस्यौदा उसैले गर्छ। त्यसपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसँगको समन्वयमा मन्त्रालयको कानुन शाखाले प्रक्रिया अघि बढाउँछ। मन्त्रिपरिषद्ले विधेयक प्रदेशसभामा पठाउने निर्णय गर्छ। प्रदेशसभामा दर्ता भएपछि विषयगत समितिमा छलफल भएपछि समितिले प्रदेशसभा सचिवालयमा पठाउँछ। त्यसपछि प्रदेशसभाको बैठकमा छलफल भइ पारित हुन्छ। कतिपय विधेयक प्रदेशसभाले फिर्ता पठाउन सक्छ। कानुन निर्माणको यो प्रक्रियामा सरका स्वंयले पनि सरोकारवालालाई बोलाएर छलफल गर्न सक्छ। प्रदेशसभामा दर्ता भइसकेपछि विषयगत समितिले पनि सरोकारवालाको राय बुझ्न सक्छ। सरकारले नै विधेयकको उत्पत्ति भएको मन्त्रालयमा सरोकारवालालाई बोलाएर छलफल गर्ने र उनीहरुका सुझाव लिने उत्तम विधि हो। प्रदेशका कानुन संघीय कानुनका फोटोकपी भएका, संघीय कानुनका कमजोरी प्रदेशका कानुनमा पनि देखिएका, कर्मचारीको स्वार्थ र तजबिजमा बन्ने गरेका छन्। प्रदेशसभामा कानुन निर्माणका लागि दर्ता विधेयकमाथि पर्याप्त अध्ययन र छलफल नै नहुने प्रवृति छ। प्रदेशसभा सदस्यको विधेयकमा छलफल गर्न रुची नहुनुले उनीहरु कानुन निर्माणप्रति जिम्मेवार छैनन् भन्ने देखिन्छ।

लोकतान्त्रिक प्रणाली भनेको सहभागितात्मक शासन प्रणाली हो। नागरिक सरोकार र अधिकार यो प्रणालीमा प्रधान हुन्छन्। नागरिकका सरोकारलाई समेट्दै कानुन निर्माण गर्न सक्दा मात्रै उनीहरुले अपनत्व लिनसक्छन्। कानुन निर्माण गर्ने विषय मात्रै होइन्, यसको कार्यान्वयन पनि उत्तिकै महत्वपूर्ण हुन्छ। प्रदेशसंरचनाप्रति नागरिकको अपनत्व बढाउन पनि सरोकारवालाबिच प्रभावकारी छलफल आवश्यक छ। कानुन बनाउने तर कार्यान्वयनमा जटिलता आयो भने कानुन बनाउनुको कुनै अर्थ हुन्न। संघीय शासन प्रणालीलाई नागरिकले अनुभूति गर्नका लागि कानुन निर्माणमा नागरिको सहभागिता अनिवार्य शर्त हो।

# हाम्रो राष्ट्रिय गान सम्बन्धमा


झपेन्द्र जिसी

*भन्छन् गल्ती गर्नु मानवता हो। गल्ती पशु प्रणालीले गर्दैनन्। नेपाली नेताहरुले राम्रा काम जे जे गरेका छन् त्यसको कीतिगान हुन्छ नै। तर जेजे र जहाँ जहाँ जति गल्ती गरेका छन्। भएका छन्। त्यसको कडा टिप्पणी गरिन्छ र हुन्छ नै।*

१. प्रसङ्ग उठेको छ संविधान संशोधनको। यसैका खातिर ठूला दलहरु नेकपा (एमाले) र नेपाली कांग्रेसको समीकरणबाट सरकार बनेको बताइन्छ। एमाले अध्यक्ष के.पी. शर्मा ओली र नेका सभापति शेरबहादुर देउवाले यही भनेको पाइन्छ। यो पङ्तिकारलाई पनि संविधानका विषयमा धेरै कुरा उठाउनुपर्ने लागेको छ। संशोधन गर्नुपर्ने र केही थप गर्नुपर्ने लागेको छ। त्यसबारे पछिपछि छलफल गरौंला। यस लेखमा उठाउन खोजिएको विषय हो- हाम्रो राष्ट्रिय गानमाथि केही कुराहरु मात्रः

२. राष्ट्रिय गानलाई जस्ताको तस्तै राखौं, पहिलो नम्बरमा अनि अरु कुरा गरौंला। दोस्रो, तेस्रो नम्बरमा।

२.१ सयौं थुंगा फूलका हामी एउटै माला नेपाली
२.२ सार्वभौम भइ फैलिएका मेची महाकाली
२.३ प्रकृतिका कोटी कोटी सम्पदाको आँचल
२.४ वीरहरुको रगतले स्वतन्त्र र अटल
२.५ ज्ञान भूमि शान्ति भूमि तराई, पहाड, हिमाल
२.६ अग्रगामी राष्ट्र हाम्रो जयजय नेपाल।

३.यो राष्ट्रिय गानका सम्बन्धमा आफ्नो मनमा लागेको खस् खस् राख्ने अनुमति चाहन्छु।

माथि २.२ मा सार्वभौम भई फैलिएका मेचीमहाकाली उल्लिखित छ। हाम्रो देश सन् १८१४-१८१६ मा अंग्रेजसँग भएको सुगौलीको सन्धिअनुसार पनि महाकाली पारिका दोधारा र चाँदनी नेपालको स्वामित्वमा रहेका छन्। ती जग्गा हाम्रा हुन्। महाकाली नदीले नेपालतिर पेल्दै आएपछि दोधारा चाँदनी महाकाली पारि परेको देखिन्छ। यसरी नै उत्तरतर्फ ब्रह्मदेवदेखि दक्षिणतिर धेरै तलसम्म महाकालीले नेपालतर्फ पेलेको छ। चाहे शारदा व्यारेज भनौं, चाहे पछि बनाइएको टनकपुर नहरको जग्गामा बनाइएका पुल र व्यारेजका पूर्वी जिप त पुरै नेपाली भू-भागमा निर्माण भएको लाटा आँखाले पनि देखिन्छ। यहाँ उल्लेख गरिरहेको कुरा के हो भनी महाकाली नदी नेपाली भूभागबाट मात्र महाकाली बगिरहेको छ। अर्को तरिकाले भन्नुपर्दा यहाँनेर महाकाली नदी सीमा नदी होइन। कुरा प्रष्टै छ। तर नेपालको संविधान सभाबाट निर्मित र पारित २०७२ साल असोज ३ गते जारी संविधानमा नेपालको राष्ट्रिय गानले सार्वभौम भइ फैलिएका मेची महाकाली भनेर के भन्न खोजेको हो ? यहाँनेर त महाकाली पनि सीमा नदी होइन। समझदारीमा साझा मानिएको हो भने अबको संविधान संशोधन जारी गर्दा ख्याल गर्नुपर्ला, सांसद्गण महोदय, मन्त्रीगण महोदय, राष्ट्रपति महोदय, दलहरुका नेता महोदय अनि आफूलाई नेपालको दिग्गज परराष्ट्र विज्ञ र राष्ट्रवादी ठान्ने र विज्ञ महोदयहरु !

फेरि प्रश्न छ ? के नेपाल र नेपाली सार्वभौम भइ महाकालीसम्म मात्र फैलिएका छन् ? महाकाली पारि दोधारा चाँदनीसम्म नेपाल र नेपाली सार्वभौम छैनन् र ? मैले किल्ला कांङ्गढा सतलजको कुरा गरिरहेको छैन, भन्नुको मतलब हो कम्तीमा राष्ट्रिय गानलाई दोधारा चाँदनीसम्म जोडौं/सच्याऔं। लिपिम्याधुरा, लिपुलेक र कालापानी पनि जल्दाबल्दा विषय हुन्। नक्सामा त आएको छ। केपी शर्मा ओलीज्यूकै नेतृत्वमा यस खाले नक्सा बने राम्रै भयो। थप गर्नुपर्ने काम त बाँकी नै छन् है। अहिले पनि उहाँकै नेतृत्वमा नेपाली कांग्रेस र एमालेको सरकार चलिरहेको छ। हाम्रो भूभाग नछोडेर सच्याउनु पर्‍यो। विगतमा जसले जाँनेर गल्ती कमजोरी गरेको भए पनि अब सच्याउनु पर्छ, चालु गीत भएन, हुँदै भएन, हुँदै हुन्न। अर्को गान बनाऊ सरकार ! नक्सा पनि जस्ताको तस्तै बनाऊ सरकार !

२.४ वीरहरुको रगतले स्वतन्त्र र अटल गीतमा उल्लेखित छ। संविधान जारी भएको १० वर्ष बितिसकेका छन्। अब त शान्ति र समृद्धिका योद्धा र वीरहरुको वीरता अदम्य सास, त्याग, बलिदान आदि जस्ता नरम शब्दहरु राखेर राष्ट्रिय गीत सिर्जना र गायन गर्नुपर्छ। अझैं पनि रगतले भन्न थालियो भने त्यति राम्रो नहोला। बाल मस्तिष्कमा नकारात्मक असर पर्ला, संविधान जारी भएपछि शान्ति वहाली गर्नु सबैको दायित्व हो।

टी.आर.सी. विधेयक पारित नहुँदा राजनीतिक द्वन्द्व कालमा बेपत्ता पारिएका, हराएका परिवारले शान्ति पाउन सकेका छैनन्। कतै सास आउँछ टुप्लुक्क भनेर आशालु नजरले हेरिरहेका छन्। सास नआए लाश भए पनि प्राप्त भएमा आफ्नो संस्कार विधि र विधानपूर्वक काजक्रिया गरिन्थ्यो भन्ने छ।

तर राष्ट्रिय गानमा वीरहरुको रगतले स्वतन्त्र र अटल भनेर सर्वत्र गीत गुंजन गरिएको छ, गराइएको छ। स-साना बालबालिकालाई समेत स्कूलहरुमा र अन्य कार्यक्रमहरुमा त्यस्तो रगतको गीत गाउन लगाइएको छ। यो पनि भएन, हुँदै भएन, हटाउनु पर्छ, हुनु पर्छ के त त्यसो भए ? मेरो सुझाव छ, त्यो लाइन नराखे पनि हुन्छ। राख्ने नै हो भने वीरहरुको वीरताले गतिशील र एकताबद्ध राखे हुन्छ।

४. प्रिय दौंतारीहरुः

तपाईंहरु सिर्जनशील प्रतिभाका धनी हुनुहुन्छ। तपाईंहरुले अत्यन्त राम्रो राष्ट्रिय गान बनाउन सक्नुहुन्छ। बनाउनुहोस्।

५. नमूनाका रुपमा मैले पनि ढंग नभई नभई एउटा राष्ट्रिय गान कोर्न बाध्य भएँ। त्यो तपाईंलाई शेयर गर्ने अनुमति चाहन्छु।

चाँदनी, दोधारा, लिपुलेक, लिम्पियाधुरा, कालापानी
श्रीअन्तु, चेवाभञ्ज्याङ चियाउँदैछ, सुस्ता महेशपूरा अंगाली
कोशी, गण्डकी, कर्णाली, तराइबासी, पहाडी, हिमाली
कर्मशील छौं सम्प्रभु नेपाली चन्द्र सूर्य ध्वजा उचाली
मानिस हुँदैन ऊँच र नीच मन्त्रबाट मन्त्रित छौं सबै बराबरी
बहुलता विविधता शिवं बुद्धं हामी प्रकृति पूजारी
जात हाम्रो नेपाली अनेक भाषा संस्कृतिको संगमस्थली
समृद्ध शान्त अनुपम जय जय नेपाल र नेपाली।

प्रिय मेरा दिलेरी मित्र बिन्ती छ। अनुरोध छ। फेस हेर्नुस्, तर त्यसैबाट मात्र धारण बनाएर कसैको पक्षमा र कसैको विपक्षमा नउभिनुस्। भन्छन् प्रंशसा प्रगतिको बाधक र समालोचना प्रगतिको साधक हो। तर आजकाल त या प्रशंसा पुराण या त गाली पुराण भाग सिर्जित र प्रसारित भएको पाइन्छ।

**निचोडः**

भन्छन् गल्ती गर्नु मानवता हो। गल्ती पशु प्रणालीले गर्दैनन्। नेपाली नेताहरुले राम्रा काम जे जे गरेका छन् त्यसको कीतिगान हुन्छ नै। तर जेजे र जहाँ जहाँ जति गल्ती गरेका छन्। भएका छन्। त्यसको कडा टिप्पणी गरिन्छ र हुन्छ नै।

सार्वभौम भइ फैलिएका मेची महाकाली होइन, हुँदै होइन। यो गानले दोधारा र चाँदनीलाई छोड्यो। महाकाली नदीले छोडे झैं। सुस्ता र महेशपुरालाई नारायणी नदीले छोडे झैं। यसरी नै महेन्द्रका पालामा महेन्द्रले हाम्रो भू-भाग लिम्पियाधुरा, लिपुलेक, कालापानी, गुन्जी, नाभिलाई छोडे झैं हाम्रो राष्ट्रिय गीतले छोडेको छ। गीतले छोडेको हो कि ? संविधान निर्माण गर्नेहरुले छोडेको हो ? वा नेताहरुको होशगुम भएको हो ? होशगुम भएको हो भने पनि सच्याइयोस्।

अस्तु

# जलवायु परिवर्तन अनुकुलनको लागि स्थानीय सरकारको भूमिका

**समिता घिमिरे**



साधारण अवस्थामा जलवायु परिवर्तन एक नियमित प्रक्रिया हो, सायद जलवायु परिवर्तन नभएको भए पृथ्वीमा जीवन सम्भव पनि हुने थिएन। त्यसोभए जलवायु परिवर्तन हुनु, पृथ्वीको तापमान बढ्नु समस्या कसरि भयो त ? हजारौ वर्ष लगाएर बिस्तारै बढ्दै गएको तापमान तथा बदलिंदै गएको जलावायुले पृथ्वीमा प्राणीलाई समय र अवस्थासँगै इभोलेट हुने मौका दियो। तर प्रीइन्डस्टियल पेरिएडदेखि औद्योगिकरण, खनिज इन्धनको व्यापक प्रयोग एवं वन विनाशको कारण जलवायु परिवर्तन शिघ्र रुपमा भइरहेको छ। यसले गर्दा पृथ्वीका फ्लोराफौना एवं इकोसिस्टम नै नष्ट हुने अवस्था छ।

नेपालको उचाइ, भौगोलिक बनावटका कारण नेपाल जलवायु परिवर्तनबाट हुने प्रभावको उच्च जोखिममा छ। बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, यसले निम्त्याउने खाध्यान्न अभावसँगै बदलिंदो पर्यावरणका कारण मानव एवं पशुपंक्षीको स्वास्थ्य दिन प्रतिदिन प्रतिकुल बन्दै गएको छ। सन् २०१६ देखि २०४५ सम्म हालकै अवस्था रहे नेपालको औसत तापक्रम ०.९ डिग्री सेन्टिग्रेड बढ्ने आंकलन गरिएको छ। नेपालको जाडो अझ बढी सुक्खा हुने एवं मनसुनमा वर्षा ३ गुणा बढी वर्षा हुने प्रक्षेपण गरिएको छ। साथै जलवायु परिवर्तनले निम्त्याउने बाढीका कारण प्रभावित हुने नेपालीको संख्या सन् २०१० मा १,५७,००० बाट २०३० सम्म ३५०,००० पुग्ने विभिन्न अन्तरास्ट्रिय रिपोर्टमा देखिएको छ। नेपाल जलवायु परिवर्तनमा नगन्य योगदानाकर्ता हो। तर पनि यसको असर झेल्ने देशहरुमध्ये अग्रस्थानमा आउँछ। जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा ह्रास आउनु, प्राकृतिक प्रकोपको संख्या बढ्दै जानु, तराइमा गर्मी मौसममा लु आदिको समस्या बढ्नु भने हिमाली क्षेत्रमा हिमालहरुबाट हिउँ पग्लिएर नयाँ हिमताल बन्नु, बनेका हिमताल फुटेर अन्य दुर्घटना हुने शिलशिला बढ्ने क्रममा छ।

**के गर्ने ?**

जलवायु परिवर्तनका असरबाट बच्न नेपाल जस्तो देशले गर्न सक्ने भनेको विभिन्न अनुकुलनका अभ्यासहरु नै हुन्। अनुकुलनका लागि भौतिक पूर्वाधारको निर्माण गर्दा जलवायुको असर कम गर्न सक्ने पूर्वाधार निर्माण, पानीको सुरक्षित भण्डारण, खाद्य संकटबाट बच्न वैकल्पिक खाद्यश्रोतको पहिचान, भेक्टरको प्रजनन स्थलको निरीक्षण, आदि केही सामान्य उदाहरण हुन्। यो सबै गतिविधि गर्नका लागि प्रमुख कडी भनेको समुदायमा जलवायु परिवर्तनको कारण, यसको असर र यसको अनुकुलनबारे सचेतना बढाउनु नै हो।

**जलवायु परिवर्तनको असमान प्रभावः**

कुनै पनि समस्याले महिला, बालबालिका, वृद्ध, अपांग, गरिबीको रेखामुनी रहेको समुदाय एवं पिछडीएको अन्य वर्गलाई बढी असर गर्छ। जलवायु परिवर्तनको असर पनि विभिन्न उमेर समूह, लिंग एवं समुदायको हिसाबले असमान रुपमा हुने गरे। विद्ध, बालबालिका, अपांग एवं महिला शारीरिक बनावटका कारणले विपदको समयमा भाग्न गाह्रो हुनेदेखि लिएर असमान शक्ति संरचनाका कारण विपदको समयमा आउने राहत पाउन पनि मुश्किल हुन्छ। अझ कतिपय समस्या (उदाहरणका लागि लू तथा वायु प्रदूषण) ले महिलालाई बढी असर गर्छ भनेर विभिन्न अध्ययनले पुष्टि गरिसकेको अवस्था छ। यसले गर्दा जलवायुको अनुकुलनको लागि लैंगिक, अल्पसंख्यिक, उमेर समूह एवं समुदाय लक्षित कार्यक्रम गर्न आवश्यक देखिन्छ। जलवायु परिवर्तनमा अनुकूलन निजी र सार्वजनिक दुवै क्षेत्रको प्रतिक्रियाहरू समावेश गरी समग्र विकास रणनीतिको हिस्सा हुनुपर्छ। सरकारले अनुकूलन कार्यक्रममा सार्वजनिक लगानीलाई प्राथमिकता दिन सक्छ।

**व्यक्तिगत रुपमा गर्न सकिने अनुकुलनका उदाहरणः**

घरलाई शित्तल बनाउन इन्शुलेशन भएको घर बनाउनेदेखि छत, बरण्डा आदिमा बोटबिरुवा लगाउन सकिन्छ। विदेशमा ठुलाठुला भवनमा यस्ता बोटबिरुवा रोपेर भर्टिकल गार्डेन बनाउने प्रविधि निकै मौलाएको छ। घरभित्र बिरुवा राख्नाले मात्र पनि घरभित्रको तापक्रम उल्लेखनीय रुपमा घटाउन मद्दत गर्छ। त्यसैगरी बढ्दो सुक्खापन, खडेरी आदिको समस्या समाधान गर्न स्थानीय बोटबिरुवा रोप्न सकिन्छ। यसबाहेक आफू बसेको ठाउँ कुन विपदको जोखिममा छ भनेर जानकार रहने, विपद्को समयमा अपनाउनुपर्ने सावधानी, त्यस्तो अवस्थामा चाहिने अत्यावश्यक सामाग्री एवं सम्पर्क नम्बर सधैँ तयारि अवस्थामा राख्नुपर्छ।

**जलवायु परिवर्तन अनुकुलनको लागि स्थानीय सरकारको भूमिका**

जलवायु परिवर्तनसम्बन्धी सामुदायिक चेतना जगाउने, स्थानीय रूपमा सन्दर्भ सामग्रीहरूको विकास गर्ने, स्थानीय तहको हरेक गतिविधि वातावरण संरक्षण एवं अनुकुलनको दृष्टिले प्रभावकारी छन् कि छैनन् भनेर अध्ययन गरेपश्चात मात्र कार्यक्रम लागू गर्ने जिम्मेवारी स्थानीय सरकारको हुने गर्दछ। त्यसैले अहिलेको अवस्थामा स्थानीय तह जलवायु परिवर्तनबाट कतिको प्रभावित भएको छ, आगामी वर्षहरुमा उत्पन्न हुने जोखिम के कस्ता छन् र अनुकुलनका लागि केकस्ता गतिविधि कसले गर्ने भनेर स्थानीय आवश्यकताको आधारमा ऐन एवं कार्ययोजना बनाउनु अपरिहार्य बनेको छ। स्थानीय तहले विकासको रुपमा पिच सडक बनाउने देखि लिएर विकासका अन्य निराम कार्य गर्दै गर्दा ति संरचनाहरु बढ्दो गर्मी, बाढी एवं अन्य जोखिममुक्त कसरि बनाउने भनेर सोच्न जरुरी छ। दश वर्ष अगाडि गर्मीमा पनि विद्यालय सञ्चालन गर्दा अहिले तराइका कतिपय स्थानीय तहमा हरेक वर्ष गर्मीमा लु लाग्ने डरले कैयौ दिन विद्यालय छुट्टी गर्नुपर्ने भएको छ। यहि दिशामा अगाडि बढिरहने हो सायद पचास बर्ष पछी गर्मी याममा बाहिरको काम रातिमात्र गर्न सकिने अवस्था नआउला भनेर भन्न सकिने अवस्था छैन। त्यसैले विशेसगरी स्थानीय निकायले समयमा अनुकुलनको दृस्टीले सरकारी संरचनामा इञ्जिनियरिङका नयाँ मापदण्ड बनाएर अघि बढ्ने कि ? भनेर पनि सोच्न आवश्यक देखिन्छ। त्यसैगरी शहरमा अर्बान फरेस्ट, पार्क, भएका पानीका श्रोताहरुको संरक्षण गर्न पनि उतिकै जरुरि छ।

अन्ततः जबसम्म हामीले अप्राकृतिक रुपमा बदलिएको जलवायु र बढ्दो विपदलाई "प्राकृति" को बदलिँदो रुप भनेर व्याख्या गर्छौं, तबसम्म मानवीय कारणले भएको जलवायु परिवर्तनलाई रोक्न तथा यसको जोखिम न्यूनीकरण एवं अनुकुलन गर्न कठिन छ भन्ने कुरा स्थानीय निकाय एवं सर्वसाधारणले बुझ्न जरुरी छ। स्वास्थ्य खबरबाट

# स्याङ्जामा एक पालिका एक हुलाक कार्यालय

वालिङ (स्याङ्जा)। स्याङ्जामा एक पालिका एक हुलाक कार्यालय स्थापना हुने भएको छ। सरकारले हुलाकको पुनः संरचनाअन्तर्गत एक पालिका एक हुलाक कार्यालय स्थापना गर्ने नीति लिएसँगै स्याङ्जामा कार्यान्वयन प्रक्रिया अघि बढाइएको हो।

स्याङ्जाका ११ पालिकामा एक जिल्ला हुलाक र अन्य १२ वटा इलाका हुलाक कार्यालय छन्। प्रत्येक पालिकामा एउटा हुलाक कार्यालय रहने व्यवस्था भएबमोजिम एउटा पालिकामा एकभन्दा धेरै भएका हुलाक हटाइने भएको छ। एउटा पनि हुलाक कार्यालय नभएका पालिकामा कार्यालय स्थापना गरी सेवा दिने तयारी भइरहेको जिल्ला हुलाक कार्यालय स्याङ्जाका प्रमुख गुरुप्रसाद मरासिनीले बताए।

स्याङ्जाका ११ पालिकामध्ये हाल तीनवटा पालिकामा दुई/दुई, सातवटा पालिकामा एक/एक वटा र एउटा पालिकामा हुलाक कार्यालय छैन। स्याङ्जाको पुतलीबजार नगरपालिका, आँधीखोला र हरिनास गाउँपालिकामा दुई/दुईवटा हुलाक कार्यालय रहेको उनले बताए। "एउटै पालिकामा दुई/दुईवटा रहेका कार्यालयमध्येबाट एउटा मात्रै राखिने छ," उनले भने-"एक/एकवटा भएका पालिकामा तिनैबाट सेवा दिइने र नभएको पालिकामा कार्यालय स्थापना गर्छौं।"

पुतलीबजार नगरपालिकामा जिल्ला हुलाक र कोल्मामा इलाका हुलाक कार्यालय छ। पुतलीबजारमा कोल्मा इलाका हुलाक कार्यालय हटाइने भएको हो। त्यस्तैगरी, आँधीखोला गाउँपालिकामा रङ्गेठाँटी इलाका हुलाक कार्यालय र पञ्चमूल इलाका हुलाक कार्यालय छन्। आँधीखोलाको पञ्चमूल इलाका हुलाक कार्यालय हटाइने भएको हो। हरिनास गाउँपालिकामा क्याक्मी र किचनासमा इलाका हुलाक कार्यालय रहेकामा क्याक्मी इलाका हुलाक कार्यालय हटाइने भएको उनले जानकारी दिए।

बिरुवा गाउँपालिकामा एउटा पनि इलाका हुलाक कार्यालय नभएकाले हुलाक पुनः संरचनाअनुसार आगामी असोजबाट कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइने भएको हो। नयाँ पुनः संरचनाअनुसार हुलाक कार्यालय सञ्चालनका विषयमा स्थानीय पालिकाका जनप्रतिनिधि, कर्मचारीहरुबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिए।

# घुमन्ते व्यापारमा रमाएका 'काफ्ले बा'



रामपुर (पाल्पा) । बिहान उज्यालो हुनासाथ पिँठ्युमा कपडा बोकेर व्यापारका लागि गाउँ पस्ने जुम्लाका 'काफ्ले बा' अर्थात् शिव काफ्लेको दिनचर्या हो । गाउँमा उकालो ओरालो गर्दा कपडाको भारीले जिउ थकित भए पनि अनुहार भने जहिल्यै हँसिलो हुन्छ ।

हुम्लाको कनका सुन्दरी गाउँपालिका-८ सिञ्जाका काफ्ले झण्डै डेढ दशकदेखि रामपुर र यसका आसपासमा कपडाको व्यापार गरिरहेका छन् । हरेक दिन ढाका टोपी, इस्टकोटकमा सजिएर पिँठ्युमा राडीपाखी, गलैँचा बोकेर गाउँगाउँमा पुग्नुहुन्छ । जुम्लामा उत्पादन भएका राडीपाखी, गलैँचा, स्वीटर बोकेर गाउँका बस्तीमा व्यापार गर्नु उनको दिनचर्या हो ।

उमेरले पाँच दशक नाघेका काफ्लेलाई घुमन्ते व्यापारले अझैं छोडेको छैन । उनले आफूले घुमन्ते व्यापार रहरले नभइ बाध्यताले गरेको बताउँछन् ।

अहिले उनी पाल्पाको रामपुरमा कोठाभाडा लिएर यस आसपासका स्थानमा व्यापारका लागि पुग्दछन् । उनले सुरुमा करिब पाँच वर्षजति भारतको अलमुढा, नैनताल, बागेश्वर, गढवाल, हिमाञ्चल, पिथरागढ, चम्पाव, डिडिहाटलगायत बजारमा राडीपाखीको व्यापार गरे ।

नेपाल फर्किएपछि उनी पोखरा, पर्वतको कुश्मा, बुटवल, तानसेनलाई व्यापारको केन्द्र बनाएका छन् । तानसेनमा व्यापार गर्ने क्रममा उनी रामपुर आएका छन् । "तानसेनमा व्यापार अलि कम हुन थाल्यो, तानसेनका एक जना बुबाले रामपुर ग्रामीण भेग भएकाले व्यापार व्यवसाय कम छ, त्यहाँका गाउँगाउँमा राम्रो व्यापार हुन्छ," उनले भने-"म त्यही आशामा २०६८ सालतिर रामपुर आएर व्यापार सुरु गरेको हुँ, अहिलेसम्म पनि यहीँ निरन्तर लागिरहेको छु ।"

रामपुरमा सुरुआतमा राम्रो व्यापार भए पनि पछिल्ला वर्षमा भने व्यापार घटेको उनको अनुभव छ । रामपुरमा व्यापारिक पसल बढ्दै जाँदा घुमन्ते व्यापारमा असर पुगेको उनले बताए । पछिल्लो समय गाउँघरमा हुने मेला महोत्सवले गर्दा पनि व्यापारमा कमी आएको उनको बुझाइ छ । उनको मुख्य व्यापार भनेको राडीपाखी हो । तर अहिले बढीमात्रामा गलैँचा, तन्नाको व्यापार हुन्छ ।

गाउँमा कहिलेकाहीँ आउने व्यापारीले स्थानीयलाई ठग्दा आफूहरु जस्ता घुमन्ते व्यापारीप्रतिको विश्वास कम भएको उनको अनुभव छ । सुरुआती दिनमा गाउँगाउँमा पुग्दा डर, धम्की भोग्नुपरे पनि अहिले त्यसो नभएको उनको अनुभव छ ।

उनले भने-"सबैले आफ्नै परिवारको सदस्यको व्यवहार गर्नुहुन्छ, राम्रोसँग चिन्नुहुन्छ, चलेको दरभाउअनुसार व्यापार गरिरहेको छु, दुई पैसा अहिलेसम्म ठगेर व्यापार गरेको छैन, सबैको माया र साथ पाएको छु, यहाँ बस्न ढुक्क छ, कसैको डर, धम्की छैन, त्यही भएर अन्यत्र ठाउँको तुलनामा रामपुरमा धेरै समय बसिरहेको छु ।"

पहिला दिनमा रु २० हजारसम्म कमाई गर्ने गरेकामा अहिले व्यापार घटेर दिनमा बढीमा रु चार हजार जति कमाइ हुने गरेको उनी बताउँछन् । ठूलो सपना छैन, सामान्य खाना, लाउन पुगेकामा यसमै खुसीका साथ जीवन बिताइरहेको उनले जनाए । उनले राडीपाखीका सामान जुम्लाबाट खरिद गरेर ल्याउछन् भने अन्य सामान काठमाडौँबाट खरिदगरी व्यापार गरिरहेका छन् ।

जुम्लामा राडीपाखी लिन उनी चार/चार महिनामा जान्छन् भने काठमाडौँमा महिनामा एक पटक पुग्छन् । राडीपाखी विशेषगरी पूजाआजामा प्रयोग गरिने भएकाले बजारका सामानभन्दा राडीपाखी नै ग्राहकले रोज्ने गरेको उनले बताए । राडीपाखी भेडाको ऊनबाट बनेको हुनाले पूजाआजाका लागि चोखो हुन्छ भन्ने विश्वास छ ।

काफ्लेको परिवारमा श्रीमती, एक छोरी, दुई छोरा छन् । उनीहरुको पालनपोषण, पढाइ खर्च काफ्लेको काँधमा छ । एक व्यक्तिको घुमन्ते व्यापारको कमाइले परिवारको गुजारा अहिलेसम्म चलेको उनी बताउँछन् ।

जेठो छोरो स्नातक अध्ययन पूरा गरी अहिले लोकसेवा आयोगको तयारीमा छन् । कान्छो छोरो एसईई उत्तीर्ण गरेपछि वैदेशिक रोजगारीका लागि कोरियन भाषा पढ्दैछन् । छोरी कक्षा ११ मा गाउँकै स्कुलमा अध्ययनरत रहेको उनले जनाए ।

"अहिले छोराछोरी हुर्केबढेसँगै परिवारको खर्च बढ्दै गयो, थोरै खर्चले घरखर्च धान्न मुस्किल छ, व्यापार भने पहिलाको तुलनामा घट्दैछ, एक व्यक्तिको कमाइले जीविका चलाउन हम्मेहम्मे परेको छ, बाध्यताले गाउँगाउँमा राडीपाखी, गलैँचालगायतका कपडा बोकेर व्यापारमा हिँडेछु ।"-उनले भने ।

बाउबाजेको पालादेखि नै चलिआएको यो पेसा उनले अहिलेसम्म पनि निरन्तरता दिइरहेका छन् । यसरी व्यापार गर्ने हिजोआज पुराना व्यक्तिले छाड्दै गएका छन् । बाउबाजेले गरेको पेसा आजसम्म धान्दै आएका काफ्ले यो पेसा आफ्ना सन्ततिलाई हस्तान्तरण गर्न इच्छुक छन् । परिवारको आर्थिक अवस्था कमजोर हुँदा पढ्ने रहर भए पनि पढ्न नपाएको उनको गुनासो छ । कक्षा १० सम्म पढ्नु भएका काफ्ले आफूले दुःख गरेरै भए पनि छोराछोरीको उज्ज्वल भविष्य बनाउने सपना बुनेर गाउँगाउँमा व्यापारमा खटेका छन् । अहिले उनले रामपुरका अलवा पाल्पाकै पूर्वखोला, रम्भा, बगनासकाली गाउँपालिका, स्याङ्जाको चापाकोट नगरपालिका, मालुङ्गा, मिर्मी, बयरघारी, वालिङ, चिन्नेबास, गल्याङका गाउँसम्म व्यापार गर्दन् ।

घुमन्ते व्यापारमा उनको साथमा पहिला दुई/तीन जना साथी थिए, अहिले भने उनी एक्लै छन् । उनीसँगै व्यापार गर्ने साथीहरु पछिल्ला समय सन्तोषजनक व्यापार नभएपछि यो व्यवसाय छाडेर गएका छन् । लामो समयसम्म रामपुरमा व्यापार गर्दै आएका काफ्लेले अब अर्घाखाँची र गुल्मी जिल्लामा पुगेर व्यापार गर्ने सोच बनाएका छन् ।

उनको गाउँ जुम्लाबाट व्यापार गर्ने थलो पाल्पा रामपुर आउन वा रामपुरबाट जुम्ला जान एकतर्फी मात्रै तीन दिनको यात्रा गर्नुपर्छ । जुम्लाबाट सुरु गरेको यात्रा कालिकोट, दैलेख, सुर्खेत, कोहलपुर र बुटवल हुँदै पाल्पा रामपुर आइपुगिन्छ । त्यहाँबाट सामान यहाँसम्म ढुवानी गर्न सहज छैन । रासस

---

## बौद्ध...

सिद्धार्थ गौतमबुद्ध ज्ञानको खोजीमा निस्केको असार पूर्णिमाको रातलाई उनै पाँडेकाजीको अगुवाईमा विशेष पर्वको रुपमा मनाउन थालिएको छ । २६१३ वर्षसम्म सिद्धार्थले दरबार छाडेको रातमा कपिलवस्तुमा कुनै कार्यक्रम भएन,२६१४ औं उत्सव मनाएपछि असार पूर्णिमाको रातलाई विशेष बनाउन सकिन्छ भन्ने लागेको उनले बताए । असार पूर्णिमाको रात कन्थक घोडा चढेर सिद्धार्थ गौतम दरबार छाड्दै गरेको दृश्यलाई ब्राण्डिङ गर्न सके आगामी दिनमा पर्यटक बढाउन सकिन्छ ।

सिद्धार्थ गौतमले दरबार छाडेपछि ६ वर्ष तपस्या गरे । सातौं वर्षमा बोधगयामा बुद्धत्व प्राप्त गरे । सिद्धार्थले बुद्धत्व प्राप्त गरी घर फर्के, त्यो दिन फागु पूर्णिमामा हो । बुद्ध घर फर्केको दिनलाई पनि विशेष दिन बनाउने अवधारणा उनले अघि सारेका छन् ।

त्यसैगरी लुम्बिनी–सगरमाथा पिस म्याराथुन नियमित गर्न सक्दा संसारभरको ध्यान केन्द्रित गर्न सकिने उनको भनाइ छ । लुम्बिनीमा पर्यटक बढाउन चाकरचौडा हुँदै नेपालमा आउने नाका खोल्नुपर्ने उनको सुझाव छ ।

**एभरेष्ट म्याराथुनले जगाएको आशा**

माओवादी द्वन्द्व उत्कर्षमा थियो, नेपालमा पर्यटक आगमन ह्वात्तै घट्यो । पर्यटक आउन छाडेपछि पर्यटन व्यवसायी निराश भए । कतिपय व्यवसायबाट पलायन भए, कतिपयले लगानी खुम्च्याए ।

देशमै केही गर्ने आकांक्षा बोकेकाहरु निराश हुँदा सधैं केही गर्ने हुटहुटी बोकेका पर्यटन व्यवसायी पाँडेकाजी चुप लाग्न सकेनन् । उनले एउटा कार्यक्रम अघि सारे,–एभरेष्ट म्याराथुन । यसलाई तेञ्जिङ हिलारी एभरेष्ट म्याराथुन नाम दिइएको छ ।

प्रत्येक वर्ष मेई १३ १४ तारिख धावक बैकुण्ठ मानन्धरले लुम्बिनीस्थित अखण्ड दीपमा पीस टर्च बालेर सगरमाथा बेस क्याम्प जान्छन् । उनी त्यहाँ पुगेपछि एभरेष्ट म्याराथुन सुरु हुन्छ । 'अखण्ड दीपमा टर्च बालेर बेसक्याम्प पुगेर म्याराथुन गर्नुको उद्देश्य लुम्बिनी र सगरमाथालाई जोड्नु हो । एभरेष्ट म्याराथुनमा लुम्बिनीको प्रचार गर्नु हो ।'-उनले भने ।

सन् २००३ मा म्याराथुनको परीक्षण कार्यक्रम भयो । पश्चिमा मुलुकमा म्याराथुन पर्यटनको काम भएको सुनेका र बुझेका पाँडेकाजीले यहाँ पनि गर्न सकिन्छ कि भनेर सुरु गरेको कार्यक्रम अहिले वर्षेनी भइरहेको छ । 'चारवर्ष लगानी मात्रै भयो, पाँचौ वर्षदेखि राम्रो हुँदै गएको छ । अहिले ३०/३५ देशका व्यक्ति आउँछन् ।'-उनले भने ।

पाँडेकाजीका भनाइमा, यो १४ रात १५ दिनको ट्रेकिङ हो । जाँदा विस्तारै हिंड्दै घुम्दै सगरमाथा बेस क्याम्प जाने र फर्कदा दौडेर फर्कने हो ।

सगरमाथाको पर्यटन प्रवर्द्धनमा राम्रो काम गरेकाले लुम्बिनी विकास कोषले उनलाई सद्भावना दूत नियुक्त गरेको हो । अहिले उनी लुम्बिनीमा पर्यटकको बसाइँ लम्बाउने अवधारणा र कार्यक्रम बनाउने, ब्राण्डिङ गर्ने अभियानमा छन् । अहिले बुद्धिष्ट सर्किटस् डट कममार्फत् बौद्ध पर्यटन आकर्षित गर्ने अभियानमा छन्, उनी ।

कलेज पढ्दापढ्दै यति ट्राभल्समा जागिर गरे उनले । कलेज पढ्दै पार्टटाइम जागिर गर्दागर्दै उनले पर्यटन क्षेत्रमा करिअर बनाउन लागे । 'पर्यटन उद्यममा लागेको ४५ वर्ष भएछ,' उनी भन्छन्-'मेरो उमेर ७० वर्ष पुग्यो, अब कति गर्न सकिएला, आफूले आर्जन गरेको अनुभव र ज्ञान नयाँ पुस्तालाई दिन पाए मुलुकलाई फाइदै हुन्थ्यो भनेर लुम्बिनीमा पर्यटन प्रवर्द्धनका कार्यक्रम गरिरहेको छु ।' उनले गरेका कार्यक्रमका लागि सरकारी स्रोत प्रयोग भएको छैन । न त कुनै गैरसरकारी संस्थाको सहयोग छ । पर्यटन व्यवसायबाट कमाएको केही प्रतिशत पैसा नै उनले पर्यटन प्रवर्द्धनका काममा खर्च गरेका छन् ।

# सन्दुक सहकारीको १४औँ वार्षिक साधारणसभा




बुटवल । बुटवल उप-महानगरपालिका वडा नं. ७ स्थित दीपनगरमा रहेर कारोबार गर्दै आइरहेको संस्था सन्दुक बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १४औं वार्षिक साधारणसभा शनिबार एक कार्यक्रमका बिच सम्पन्न गरेको छ । कार्यक्रममा सहकारीका अध्यक्ष सोमबहादुर खातीको अध्यक्षतामा बुटवल उपमहामनगरपालिका वडा नं. ७ का वडाध्यक्ष पदमराज गाहाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गाहाले युवाहरुले सञ्चालन गरेको संस्था अत्यन्तै राम्रो र उदाहरणीय रहेको बताए । उनले यस संस्थाले गरेका हरेक कामहरु सराहनीय रहेको भन्दै अरु सहकारीहरुले पनि यसबाट सिक्नुपर्ने बताए ।

सोही कार्यक्रममा सहकारीका अध्यक्ष सोम बहादुर खातीले अध्यक्षको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष अर्जुन गिरीले आर्थिक प्रतिवेदन र लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन लेखा समिति संयोजक सागर भुसालले प्रस्तुत गर्दै सर्वसम्मतले पारित गरेको छ ।

संस्थाको शेयर पुँजी ७० लाख ५६ हजार, निक्षेप बचत रु ३ करोड ३९ लाख ५ हजार १ सय ६८ रुपैयाँ रहेको र संस्थामा कुल ५ सय ४५ जना शेयर सदस्य आबद्ध छन् ।

कार्यक्रममा बुटवल उपमहानगरपालिकाका कार्यपालिका सदस्य सुनिता खड्लुक, सहज बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष कमलप्रकाश भुसाल, प्रशिक्षक हुमाकान्त काफ्लेलगायतले बोल्दै पछिल्लो समयमा सहकारीमाथि विस्वास घट्दै गएको अवस्थामा सन्दुक सहकारीमा सदस्यहरुको वृद्धि हुनु सकारात्मक पक्ष रहेको बताए ।

सोही अवसरमा एसईई र प्लसटुमा उत्कृष्ट जीपीए ल्याउने शेयर सदस्यका छोराछोरी मध्ये खुसी राना र कृष्टिना थापा मगरलाई नगद र प्रमाणपत्रसहित पुरस्कृत तथा सम्मान गरिएको छ । त्यस्तैगरी शेयर सदस्य वृद्धि गरेकोमा कसिस खाती र ज्येष्ठ शेयर सदस्य रामबहादुर थापासँगै प्रेम कुमारी खाम्चा साथै संस्थाका सल्लाहकार मनोज गौचन, चेतमान श्रेष्ठ र आशिक थापालाई समेत सहकारीले सम्मान गरेको थियो ।

संस्थाले शेयर सदस्यको निधनपश्चात् कल्याणकारी कोषमार्फत् मृतक परिवारलाई रु २५ हजार उपलब्ध गराउँदै आएको छ भने सुत्केरी भत्ता रु ३ हजार प्रदान गर्दै आएको संस्थाका अध्यक्ष सोम खातीले जानकारी गराएका थिए ।

सहकारीका उपाध्यक्ष प्रतिभा पाण्डेको स्वागत मन्तव्यमा सञ्चालक समिति सदस्य निता पराजुली पाठकले संगीतमय शुभकामनासँगै कार्यक्रमको सञ्चालन सचिव मोहनकुमार पाण्डेले गरेका थिए । २०६७ मंसिर १० गतेदेखि स्थापना भएको सहकारीले आफ्नो वार्षिक कार्ययोजनाअन्तर्गत विभिन्न तालिम तथा सामाजिक कार्यहरु गर्दै आएको छ ।

## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**नवलपरासी(बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल**

**कवाडी जन्य सामानको लिलाम बिक्रीको लागि शिलबन्दी बोलपत्र सम्बन्धी बढाबढ सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०४/२९
दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१।०५।३०

यस नगरपालिकामा फोहरमैला व्यवस्थापनबाट आ.ब. २०८०/०८१ भर संकलन गरी पृथकीकरण गरिएको कवाडी सामग्री जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नुपर्ने भएकोले इच्छुक, फर्म, कम्पनी वा संस्थाले देहायका शर्तहरुको अधिनमा रही ठेक्का नम्बर अनुसारको शिलबन्दी फारम खरिद गरी रितपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न १५(पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक रु.(भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | मध्यविन्दु नगरपालिकाको आ.ब २०८०/८१ मा फोहरमैला पृथकीकरण गरी संकलन गरिएको कवाडी जन्य सामग्री | ९६३२७९.८/- | ३०००/- |

१) शिलबन्दी बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति २०८१/०५/३० गते देखि १५ दिन (मिति २०८१/०६/१३) गते कार्यालय समय भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखित दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सरसफाई प्रवर्द्धन तथा जैविक मल इकाई बाटबोलपत्र खरिद गर्न सकिने छ ।

२) बोलपत्र मिति २०८१/०६/१४ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ । बोलपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा बोलपत्रवालाको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ । बोलपत्रखरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनीक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ ।

३) बोलपत्रकासाथ आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३०००००३००१००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (Performance Bond) सङ्लग्न गरी पेश गर्नुपर्ने छ ।

४) म्याद भित्र दर्ता भएका शिलबन्दी बोलपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी बोलपत्र फारम भरी आएको बोलपत्रवालाको दस्तखत एवं छाप नभएको र प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । बोलपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) शिलबन्दी बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफुले कवोल गरेको अंकको एकमुष्ट रकम राजश्व शाखामा नगदै वा यस कार्यालयको नामा रहेको नेपाल बैंक लि. चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००१००१००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कवोलियत गर्न आउनु पर्नेछ ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेको फर्महरुले बांकी रकम चुक्ता नगरे सम्म र पेस्की/ बेरुजु बांकी हुनेले फर्छयौट नगरे सम्म बोलपत्र खरिद गर्न पाउने छैन ।

७) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको बोलपत्रवालाले पालना गर्नु पर्नेछ ।

८) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# मुख्यमन्त्री आचार्यले कहाँ के भने ?



बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जाडो र सुख्खा मौसममा हुने दूधको माग तथा आपूर्तिको असन्तुलनलाई सम्बोधन गर्न प्रदेश सरकारले नीतिगत सुधार गर्ने बताएका छन् ।

कपिलवस्तु जिल्लाको बुद्धभूमि नगरपालिका-९ मा रहेको ग्लोबल डेरीको अवलोकन गर्ने क्रममा मुख्यमन्त्री आचार्यले किसानसँग प्रत्यक्ष जोडिएको डेरी क्षेत्रलाई व्यवसायीकरण गरेर उद्योगको रुपमा विकास गर्न प्रदेश सरकारले साथ दिने बताएका हुन् ।

'यहाँ रहेको डेरी प्लान्टबारे मलाई जानकारी छ । योसँग लुम्बिनी प्रदेशका किसान मात्रै होइन अन्य प्रदेश र जिल्लाका किसान पनि जोडिनु भएको छ ।'-उनले भने ।

किसानले उत्पादन गरेको दूधको खरिद, बिक्री प्रणालीलाई सहज बनाउन प्रदेश सरकारले पनि साथ दिन्छ,' उनले भने-'भविश्यमा डेरी क्षेत्रबाट किसानको आम्दानी बढाउन र प्रत्यक्ष रोजगारीको अवसर सृजना गर्न सकिने थुप्रै आधार छन् ।'

लुम्बिनी प्रदेशमा पाउडर प्लान्ट छैन । जसले गर्दा किसानहरुले उत्पादन गरेको दूधको बजारीकरणमा समस्या पर्दै आएको छ । जाडो मौसममा दूध बिक्री नभएर किसानहरुले मिल्क होलीडेको मारमा किसान पर्ने गरेका छन् । पाउडर प्लान्ट स्थापना गरेर दूधको बजारीकरणमा सहयोग गर्ने बारेमा प्रदेश सरकारले नीतिगत सुधार गर्ने प्रतिबद्धता मुख्यमन्त्री आचार्यले व्यक्त गरेका छन् ।

लुम्बिनी प्रदेशसभा सदस्य गिरधारीलाल न्यौपानेले दूध उत्पादनमा लुम्बिनी प्रदेश आत्मनिर्भर भए पनि किसानले उत्पादन गरेको सबै दूध बजारसम्म पुग्न नसक्दा समस्या भएको बताए । प्रदेश सरकारले दूधको बजारीकरणका लागि निजी क्षेत्रसँग सहकार्य गर्दा सहज हुने सुझाव उनले दिए । 'यहाँको उत्पादन देश भित्र मात्र होइन, देश बाहिर पनि बिक्री वितरण भइरहेको छ,' उनले भने-'यो उद्योगले लुम्बिनी प्रदेशलाई दूधको बजारीकरणमा ठूलो योग्दान पुऱ्याएको छ ।'

ग्लोबल डेरीले किसानहरुले उत्पादन गरेको दूध खरिद गरेवाफत नियमित भुक्तानी दिँदै आएको, कृषि विमासँग जोडेको, चोकर, दाना तथा घाँस खेतीका लागि सहयोग गर्दै आएको ग्लोबल डेरीका अध्यक्ष थानेश्वर न्यौपानेले प्रत्यक्ष र सहकारीमार्फत् गरी २० हजार किसान प्रत्यक्ष जोडिएको जानकारी दिए । २०७१ सालमा स्थपना भएको उद्योगले दूध, दही, घ्यू, पनिर, छुर्पी, खुवा, मोही, बटर, मिठाई उत्पादन गर्दै आएको छ ।

देशका ठूला शहरहरुलाई बजारको रुपमा मानेको उद्योगले काठमाडौंमा समेत उद्योग स्थापना गरेर कारोबार सुरु गर्न थालेको प्रबन्ध निर्देशक जनक न्यौपानले जानकारी दिए । ८१ वटा दूध संकलन र चिस्यान केन्द्र सञ्चालनमा ल्याएको छ ।

सुदुर पश्चिमको कञ्चनपुरसम्मबाट दूध संकलन गर्दै आएको उद्योगले पूर्व झापामा आफ्ना उत्पादन बिक्री वितरणका लागि पुऱ्याउने गरेको छ । देश बाहिर पनि उत्पादन पठाउनेबारेमा अध्ययन भइरहेको, त्यसका लागि सरकारलाई सहजीकरण गर्न आग्रह गरिएको छ । गत वर्ष उद्योगले १ करोड १७ लाख लिटर दूध किसानबाट खरिद गरेको थियो ।

यसैबिच मुख्यमन्त्री चेतनारायण आचार्यले नागरिकहरूलाई स्वच्छ र सफा खानेपानी उपलब्ध गराइ जनस्वास्थ्यमा सुधार ल्याउन सरकारले योजना निर्माण गरेको बताए । गुणस्तरीय खानेपानी वितरणलाई सुनिश्चित गर्न प्रदेशस्तरीय पानी परीक्षण ल्याव स्थापना गर्न थालिएको उनले बताए ।

रूपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं. २ योगीकुटीमा रहेको शंकरनगर खानेपानी उपभोक्ता तथा सरस्फाइ संस्थाको रजत जयन्ती कार्यक्रमलाई सम्बोधन गर्दै उनले 'एक घर-एक धारा'को अभियानलाई पूरा गर्दै कार्यान्वयन चरणमा रहेका खानेपानी आयोजनालाइ सम्पन्न गर्ने लक्ष्य लिएको जानकारी दिए । प्रदेश सरकारले आफ्नै खानेपानी ल्याव स्थापना गर्दैछ । कपिलवस्तुमा ल्याव खोल्दै छौं । खानेपानीको गुणस्तर परीक्षण गरेर पानी खुवाउनुपर्छ भनेर ल्याव स्थापना गर्दैछौं । उनले चालू वर्षमा १६८ खानेपानी आयोजना सम्पन्न गर्ने र जसबाट ७ लाख ४ हजार लाभान्वित हुने लक्ष्य राखेको बताए । योजनाबद्ध विकास प्रदेश सरकारको पहिलो आधार भएको बताउँदै उनले समृद्ध प्रदेश, आत्मनिर्भर लुम्बिनी बनाउने अभियान पूरा गर्ने दिशामा सरकार रहेको बताए ।

यसैबिच मुख्यमन्त्री आचार्यले औषधी व्यवसायको नाममा हुने लागुऔषधको कारोबारलाई कडाइ गरिने बताएका छन् ।

औषधी विभागले स्वीकृति नदिएका औषधीको बिक्रीवितरणमा कडाइ गरिने भन्दै मुख्यमन्त्री आचार्यले व्यवसायीकर्तालाई ख्याल गरेर व्यवसाय गर्न औषधी व्यवसायीलाई आग्रह गरे । नेपाल औषधि व्यवसायी संघ रूपन्देहीकोले आयोजना गरेको औषधी व्यवसायीहरूको क्षमता अभिवृद्धि तालिमको शनिबार उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले स्वास्थ्य क्षेत्र मानिसको जीवनको संवेदनशील क्षेत्र भएकोले जिम्मेवार भएर व्यवसाय गर्न आग्रह गरे ।

# उद्योग व्यवसाय सञ्चालन भए आर्थिक विकास हुन्छ : ढकाल

**कृष्ण पोखरेल**

*पाल्पा*

नेपाल उद्योग वाणिज्य संघका अध्यक्ष चन्द्रप्रसाद ढकालले स्वदेशी उद्योगधन्दा, कलकारखाना चलायमान नहुँदासम्म देशमा आर्थिक समृद्धि नहुने बताएका छन् ।

पाल्पा उद्योग वाणिज्य संघको ७०औं साधारणसभा लाई तानसेनमा सम्बोधन गर्दै महासंघका अध्यक्ष ढकालले सरकारले स्प्रष्ट रुपमा स्वदेशी उद्योगधन्दा मैत्री वातावरण ल्याई स्वदेशमै उत्पादन स्वदेशमै रोजगारीको अभियान सञ्चालन गर्नुपर्ने बताए । सरकारले केही रुपमा गर्छकी भन्ने आशा मात्र पलाएको तर उद्योगी व्यवसायीमैत्री वातावरण अझै बनिनसकेको अध्यक्ष ढकालले जनाए ।

२०१५ सालदेखि सञ्चालनमा रहेको पाल्पाली ढाका कपडाको ब्राण्डिङ गरेर यस क्षेत्रमा ढाका उद्योगहरुसँगै रोजगारी बढाउने आर्थिक अवस्था चलायमान बनाउने काममा महासंघले पूर्णरुपमा सहयोग गर्ने महासंघका अध्यक्ष ढकालले बताए । जिल्ला जिल्लामा परम्परागत रुपमा सञ्चालनमा रहेका घरेलु तथा साना उद्योगहरुलाई जीवनन्त बनाउने, प्राविधक रुपमा सघाउने र निरन्तर रुपमा सञ्चालनको वातावरण मिलाउन सहयोग गर्ने महासंघका अध्यक्ष ढकालले जोड दिए । ।

नेपाल पब्लिक डेभलपमेन्ट कम्पनी स्थापना गरी १० अर्ब लगानीमा कारोबार सुरु गरेको अध्यक्ष ढकालले बताए । उद्योगी, व्यवसायी तथा सर्वसाधरणबाट स-सानो पुँजी संकलन गरेर देश व्यापी रुपमा उद्योगधन्दा सञ्चालन गरी स्वदेशमै रोजगारी बढाउने महासंघका ढकालले बताए ।

वर्तमान सरकारले निजी उद्योगी व्यवसायीहरुसँग सहकार्य गर्न खोजेको, बैंकको व्याजदर घट्दो रहेकोले स्वदेशमा लगानीमैत्री वातवरण तयार हुँदै गएको अध्यक्ष ढकालले बताए । पाल्पा नेपालकै एउटा पर्यटकीय गन्तव्यको जिल्ला भएकोले प्रशस्त पर्यटकीय पूर्वाधारदेखि शिक्षा स्वास्थ्य क्षेत्रमा लगानीको संभावना बढी रहेको अध्यक्ष ढकालले जोड दिए । तत्काल पाल्पामा ढाका र करुवालाई पहिलो रुपमा ब्राण्डिङ गर्नुपर्नेमा ढकालको जोड थियो । स्थानीय स्तरमा रहेका स-साना उद्योगधन्दाहरुलाई स्थानीय सरकारले संरक्षण, प्रवर्द्धन गर्नुपर्ने अध्यक्ष ढकालले बताए ।

नेपाल उद्योग वाणिज्य संघका बस्तुगत उपाध्यक्ष हेमराज ढकाल, महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष बालकृष्ण सुवेदी र महासंघका जिल्ला नगर उपाध्यक्ष श्रीकृष्ण श्रेष्ठले सरकार, व्यापारी, उद्योगीहरू एक भएर लागेमा समृद्धि राष्ट्र बन्न सक्ने बताएका थिए । उनीहरुले सरकारले आर्थिक विकासको स्पष्ट धारणा बनाउन नसक्दा युवाहरु विदेश पलायन भएको बताए ।

# धर्म संस्कृति संरक्षण आजको आवश्यकता : उप-राष्ट्रपति




परासी । उपराष्ट्रपति रामसहाय यादवले समाजिक सदभाव, धार्मिक सहिष्णुता र विविधतासहित धर्म संस्कृति संरक्षण गर्दै जान आजको आवश्यता रहेको बताएका छन् ।

शनिबार पश्चिम नवलपरासीको सदमुकाममा ओल्मा काउन्सिल नेपाल १४९९औं मोहम्मद जयन्तीको अवसरमा राष्ट्रिय एकता एवम् पैगामे अमत सम्मेलनलाई सम्बोधन गर्दै उप-राष्ट्रपति यादवे यो सम्मेलनले विभिन्न धर्मबिचको आपसी सदभाव समझदारी र सम्मान अभिवृद्धि गर्न सघाउने बताएका हुन् । सबै धर्मको सम्मान कायम राख्न सदभाव कायम गर्नुपर्ने जोड दिँदै समृद्धि संस्कृति विविध आत्मा साथ गर्दै मुलुक सदभाव भाइचार मेलमिलाप कायम गरी शान्ति कायम गरी देशको विकासमा फड्को मार्ने विश्वास व्यक्त गरेका थिए ।

समाजिक एकता धार्मिक साहिष्णुताले समाज परिर्वत गर्ने बताउँदै आ-आफ्नो ठाउँबाट धार्मिक सदभाव कायम गर्न जरुरी रहेको उनले बताए । उनले सबै धर्मलाई सम्मान रुपमा सम्मान, अपसी सदभावको सिद्धान्तलाई अंगीकार गरेर अगाडि बढ्नुपर्ने जनाए ।

सबै धार्मिक गुरुहरुको यो सम्मेलनमा एक हिसाबले सामाजिक कार्य र धार्मिक कार्यले गर्दा समाज निर्माणमा र मुलुकमा शान्ति अमनचयन कार्यमा सघाउने कार्य भएको यादवको भनाइ थियो । नेपालको संविधानले पनि सबै जातजाति, धर्म, संस्कृत रक्षा गर्न अंगीकार गरेकोले सबै क्षेत्र यसलाई जोगाउन पर्नेमा जोड दिए ।

यहाँ रहेका रामग्राम स्तूपको संरक्षण, विकासमा सबैले चासो लिन आवश्यक रहेको बताउँदै यस ऐतिहासिक सबै धर्म संरक्षण गर्दै प्रचारप्रसार गर्न जरुरी रहेको उपराष्ट्रपति यादवले बताए । विश्वमा नेपाललाई धार्मिक सद्भावको नमूनाको रुपमा चिनिएको बताउँदै उनले सबै आस्था र धर्मको सकारात्मक पक्षलाई एकअर्काले आत्मसाथ गरेर अगाडि बढ्नुपर्ने जनाए ।

सत्यको पालन गर्नु र इमान्दारीका साथ जीवन निर्वाह गर्नु, सामाजिक सेवा जस्ता सिद्धान्त, विभिन्न धर्ममा फरक-फरक रुपमा पाए पनि सबैको मूल उद्देश्य र मर्म मानवता, सहिष्णुता र समानता रहेको उनले उल्लेख गरे ।

१४९९औं मोहम्मद जयन्तीको अवसर पारेर हिन्दु, इस्लाम, बौद्ध, क्रिस्टियनलगायतका धर्मगुरु सहभागी सम्मेलनम देशभरबाट प्रतिनिधि सहभागी भएको आयोजक ओलमा काउन्सिल नेपालका अध्यक्ष सैयद गुलाम हुसैन मियाले बताए । सम्मेलनमा सहभागी धार्मिक गुरुहरुले एक धर्मले अर्को धर्मलाई सम्मान र भाइचराको रुपमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए । सम्मेलनमा हिन्दु सनातन धर्म गुरु, इसाई धर्म गुरु, मुस्लिम धर्म गुरुहरुको सहभागिता रहेको थियो ।

# ५० लाख लगानीमा नर्सरी सञ्चालन




बुटवल । बुटवल देवसिद्ध चोक नजिक ग्रेट भिजन एग्रीकल्चर प्रालिले नर्सरी सञ्चालनमा ल्याएको छ । व्यवसायी भुवनेश्वर न्यौपानेले करिव पचास लाख लागतमा डेढ बिगाहा क्षेत्रफलमा नर्सरी सञ्चालनमा ल्याएका हुन् ।

शनिबार एक कार्यक्रमकाबिच बुटवल उप-महानगरपालिका उप-प्रमुख सावित्रादेवी अर्यालले नर्सरीको उद्घाटन गरिन् । सो अवसरमा उनले करेसा, कौंसी र थोरै जग्गालाई उपयोग गरी तरकारी फलफूल खेती गर्नुपर्ने बताइन् ।

कृषिलाई उत्थान गर्न उप-महानगरपालिकाले कृषि शाखामार्फत् थुप्रै काम गरेको बताइन् ।

कृषिज्ञान केन्द्र भैरहवाका प्रमुख शिवप्रसाद अर्यालले अबको विकल्प कृषिभन्दा अरु नभएको भन्दै विषादीमुक्त तरकारी र फलफूल उत्पादनमा सबैले विशेष ख्याल गर्नुपर्नेमा जोड दिए ।

सो अवसरमा देवसिद्ध खानेपानी संस्थाका अध्यक्ष भरत पाठकलगायतले नेपाल कृषिप्रधान देश भए पनि खेतियोग्य जमिन पछिल्लो समय प्लटिङ भएकाले खाद्यान्न र तरकारी आयात गरेर खानुपर्ने बाध्यता रहेको भन्दै कृषिमा आत्मनिर्भर हुनुपर्नेमा जोड दिएका थिए ।

## आ.व. ०८१/०८२ को दररेट

बाराही ह्यूम पाइप उद्योग प्रा.लि. आबु खैरेनी-२ तनहुँ, गण्डकी प्रदेशले आ.व. २०८१/०८२ मा तपशिल बमोजिमको दररेटमा ह्यूम पाइप दिन सक्ने सूचना प्रकाशित गरिएको छ । यस दररेटमा मु.अ. कर (VAT) र ढुवानी भाडा नियम अनुसार लाग्ने छ ।

| क्र.स. | NP3 ह्यूम पाइप साइज | प्रतिथान मूल्य रु | प्रतिथान लम्बाई |
|---|---|---|---|
| १ | NP3 ३० cm डाया ह्यूम पाइप | ७९२०।- | २.५ मी. |
| २ | NP3 ४० cm डाया ह्यूम पाइप | १०४५०।- | २.५ मी. |
| ३ | NP3 ४५ cm डाया ह्यूम पाइप | ११५५०- | २.५ मी. |
| ४ | NP3 ५० cm डाया ह्यूम पाइप | १३२००।- | २.५ मी. |
| ५ | NP3 ६० cm डाया ह्यूम पाइप | १५४००।- | २.५ मी. |
| ६ | NP3 ७५ cm डाया ह्यूम पाइप | २२५५०।- | २.५ मी. |
| ७ | NP3 ९० cm डाया ह्यूम पाइप | २७५००।- | २.५ मी. |
| ८ | NP3 १०० cm डाया ह्यूम पाइप | ३०८००।- | २.५ मी. |
| ९ | NP3 १२० cm डाया ह्यूम पाइप | ४२९००।- | २.५ मी. |

माथि उल्लेखित मूल्यमा भ्याट र ढुवानी अतिरिक्त लाग्नेछ ।

प्रो. भागवत कंडेल मोबाइल नं. ९८५८०५३८७१

बाराही ह्युम पाइप उद्योग प्रा.लि.

आबु खैरेनी-२, तनहुँ, गण्डकी प्रदेश, नेपाल

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्

सम्पर्क:

आइडिया डिजाइनर्स/अफसेट प्रेस

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदुर संघको भवनमा

फोन:-०७१-५५०२९३

मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल

आले डेण्टल हस्पिटल प्रा. लि.

श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुडकीचोक देखि ५० मिटर पूर्व)

071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com

दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com